# एघार



**चन्द्रकिशोर**

**चन्द्रकिशोर** वीरगञ्जमा रही पत्रकारिता गर्नुहुन्छ र त्यहाँबाट प्रकाशित हुने *तराई* खबरपत्रिकाका सम्पादक हुनुहुन्छ । उहाँले २०४२ सालमा हस्तलिखित पत्रिका *ग्राम*को सम्पादनमार्फत पत्रकारितामा पाइलो हाल्नुभएको हो । २०४६ को जनआन्दोलनपछि उहाँ काठमाडौँबाट प्रकाशित विभिन्न साप्ताहिक पत्रिकाका लागि वीरगञ्जस्थित संवाददाताका रूपमा सक्रिय हुनुभयो । यसरी *देशान्तर, राष्ट्रपुकार, अग्निपथ*मा काम गरिसकेपछि चन्द्रकिशोरले *हिमाल* खबरपत्रिकासँग आवद्ध भई वीरगञ्जमा खोजमूलक पत्रकारितामा अग्रसरता देखाउनुभयो । विगतमा भोजपुरी र मैथिली साहित्यिक पत्रिकाको सम्पादनमा पनि उहाँ सरिक हुनुहुन्थ्यो । उहाँले तराईका विभिन्न समस्या र सवालबारे काठमाडौँबाट प्रकाशित हुने पत्रपत्रिकामा लेख लेख्दै आउनुभएको छ । उहाँले प्रेस काउन्सिलको सहयोगमा मोफसलको पत्रकारितासम्बन्धी अनुसन्धान गर्नुभएको छ ।

**तपाईंसँग वीरगञ्जबाट काठमाडौंको पत्रिकालाई रिपोर्टिङ गरेको अनुभव छ। अन्य जिल्लामा बसेर राजधानीका पत्रिकामा रिपोर्टिङ गर्दाका चुनौतीहरू के-के हुन् ? यसबाट मात्रै जीविकोपार्जन गर्न सकिने अवस्था छ ?**

मैले काठमाडौँको पत्रिकालाई रिपोर्टिङ थालनी गरेको अवस्था (२०४७ साल ताका) मा र अहिलेको विकसित परिस्थितिमा पनि रिपोर्टिङबाट मात्र जीविकोपार्जन गर्न सकिने अवस्था छैन । त्यसो हुनाले नै काठमाडौँका मिडियामा रिपोर्टिङ गर्ने पत्रकारहरू अन्य दस थरीका धन्दा गर्न बाध्य छन् । जस्तै– शिक्षण, कानुन व्यवसाय, गैससमा काम, औद्योगिक प्रतिष्ठानमा काम आदि । विकल्पकै खोजीका क्रममा केहीले पीत पत्रकारिता गरी कमाउने धन्दा पनि गरेका छन् । पछिल्ला अवस्थामा काठमाडौँका एक-दुई सञ्चार गृहले आफ्नो रिपोर्टरलाई काम चल्नसक्ने पारिश्रमिक दिएका छन् तर अहिले पनि नाम चलेका केही सञ्चार गृहहरूले एकदम न्यून पारिश्रमिक दिएर काम चलाइराखेका छन् । जिल्लामा क्रियाशील पत्रकारहरूलाई पत्रकारिताको मर्यादा भङ्ग गर्न उक्साउनमा ती सञ्चार गृहहरू जिम्मेवार छन् जसले काम अनुसारको पारिश्रमिक दिँदैनन् । रिपोर्टरहरूले पनि गतिलो पारिश्रमिक पाउने अवस्था नभएको खण्डमा थप एक-दुई अनुकूलका सञ्चारमाध्यममा काम गर्नु पऱ्यो वा वैकल्पिक रोजगारीको व्यवस्था गर्नुपऱ्यो जसले गर्दा व्यवसायिक निष्ठा भङ्ग गर्ने परिस्थिति जन्मिदैन ।

जिल्लामा बसेर राजधानीका पत्रिकामा रिपोर्टिङ गर्दाको मुख्य चुनौती भनेको मेरो अनुभवमा स्थानीय संवेदनशीलताको सवालमा सम्पादकलाई 'कन्भिन्स' गर्न नसक्नु हो । काठमाडौँमा बसेका सम्पादकहरूले जिल्लातिरका 'इस्यू' हरूलाई काठमाडौँको आँखाले हेरिरहेका हुन्छन् । न्यूज डेस्ककाहरूले रिपोर्टमा कैँची चलाइदिँदा त्यसले पनि यदाकदा जटिलता जन्माउँछ । सम्पादक र रिपोर्टरबीच 'वेभ-लेन्थ' मिलिरहँदा काम गर्न सजिलो मात्र हुने होइन, परिणाममुखी पनि हुँदो रहेछ । कहिलेकाहीँ काठमाडौँका सम्पादकहरूले 'स्कुप' बनाउन जुन 'एङ्गल' बताइरहेका हुन्छन् त्यो धरातलीय यथार्थभन्दा फरक हुन्छ । तर पनि सम्पादकको चाहनालाई शिरोपर गरी त्यस्ता रिपोर्टहरू पनि तयार गरिएको हुन्छ ।

मोफसलको थप चुनौती भनेको पत्रकारहरूको सुरक्षाको सवाल हो । केन्द्रमा भौतिक सुरक्षासम्बन्धी दबाब मोफसलको तुलनामा थोरै हुन्छ । केन्द्रमा दबाब पर्दा त्यसको समायोजनका लागि केन्द्रीय रूपमै पहल गरिँदा त्यसको तत्काल समाधान पनि निस्कन्छ तर मोफसलका पत्रकारहरू सानो ठाउँमा बसेर काम गरेका हुनाले उनीहरूको निजी जीवनसँग असन्तुष्ट पक्षका कारण पनि दबाब व्यापक हुन्छन् । यसलाई थेग्न उनीहरूलाई दह्रो साहराको संयन्त्र मोफसलमा

छैन । त्यसकारण मोफसलका पत्रकारहरू जोखिमहरूको बीचमा बसेर पत्रकारिता गरिरहेका छन् । त्यसो त भन्नेहरू भन्न सक्छन्, पत्रकारिता आफैँमा जोखिमपूर्ण पेशा हो तर मोफसलमा त्यो जोखिमको मात्र अत्यधिक छ र बढ्दै गइरहेको छ ।

**तपाईंले राजधानी बाहिरको पत्रकारिताबारे अध्ययन पनि गर्नुभएको थियो ? कस्तो पाउनु भयो त नतिजा ? स्थानीय पत्रकारिताको अभ्यास कस्तो रहेछ ? स्थानीय पत्रपत्रिकाले के कस्ता चुनौती कसरी सामना गरिरहेका रहेछन् ?**

जनआन्दोलन ०४६ को जनादेशबमोजिम २०४७ को संविधानले दिएको विचार-अभिव्यक्ति स्वतन्त्रताको उपभोग गर्दै नेपाली मोफसलको मिडियाले ठूलो फड्को मारेको छ । छापा पत्रकारिताको विकासको थप आयाम भनेको प्रेस प्रविधिले मारेको फड्को हो । पत्रकारहरूको दक्षता र आम्दानी दुवै बढेको छ र पत्रकारिता पेसाकै रूपमा स्थापित भएको छ । पत्रकारिता पेसाको रूपमा स्थापित हुदै जाँदा पत्रकारहरूको सङ्ख्या पनि बढ्दै गएको छ । पत्रकारिताको औपचारिक अध्यापन र तालिम पाइने संस्थाहरू बढ्ने क्रमसँगै दक्ष पत्रकारहरूको उत्पादन पनि बढेको छ । पढेका र तालिम प्राप्त पत्रकारहरूको प्रवेशले समाचारको गुणस्तरमा वृद्धि ल्याएको छ । प्रतीकात्मक रूपमा भन्ने हो भने पहिले पत्रकारले समाचार भेट्टाए भने लुकाउँथे, पैसा झार्ने काम गर्थे । अहिले पत्रकार समाचार लुकाउनुमा होइन छपाउनमा गर्व गर्छन् ।

राजधानीबाट प्रकाशित हुने अखबारहरू पढ्ने पाठकहरू पनि आ-आफ्नो सहरबाट प्रकाशित हुने अखबारलाई भने बिहानीपख सबभन्दा पहिले पढ्न मन पराउँछन् । राजधानी बाहिरको सहरहरूमा बिहानको चियासँगै पत्रिका पढ्ने संस्कृतिको विकास भएको छ । बिहानको चियाको चुस्कीसँगै अखबार पढ्ने पाठकीय प्रवृत्ति उजागर गर्न यहाँनिर अकवर इलाहावादीको एउटा काव्यपङ्क्ति राख्न उपयुक्त होला :

नही शेख साहिब की वह आदत
बजू की और मनाजाते सहर की
मगर वो चाँय पीकर हस्वेदस्तुर
तिलावत करते है वह 'पायनियर' की

अर्थात् अखबार पढ्ने शौख यति तीव्र रूपमा बढिसकेको छ कि प्रौढ नागरिकहरू पनि बिहानको भजन पूजा छोडेर अखबारको 'पाठ' गर्दछन् । मोफसलका केही

सहरहरूको सन्दर्भमा अकवर इलाहावादीको यो पङ्क्तिले मिल्दोजुल्दो यथार्थ प्रस्तुत गरेको छ ।

सैद्धान्तिक रूपमा भन्नुपर्दा, गाउँ-गाउँसम्म चेतनाको लहर नपुगेसम्म लोकतन्त्रको संस्थागत विकास सम्भव छैन । स्थानीय सञ्चारमाध्यमको शक्ति प्रविधि र क्षमताको आधारमा मुलुक र लोकतन्त्रको मापन गर्न सकिन्छ। मोफसलका जिल्लाहरूबाट प्रकाशित हुने स्थानीय अखबारहरूमा नै 'सच्चा नेपाल' झल्किन्छ। स्थानीय प्रेसले स्थानीय विषयवस्तुलाई बढी प्राथमिकता प्रदान गर्दछ। राष्ट्रिय परिप्रेक्ष्यमा दृष्टिगत गर्दा केन्द्रीय सञ्चारमाध्यमको विशिष्ट योगदान आफ्नो ठाउँमा छँदैछ, तर मोफसलका विभिन्न सहरहरूबाट प्रकाशित हुने स्थानीय छापाहरूको महत्त्व र भूमिकालाई पनि कम आँकलन गर्न मिल्दैन । केन्द्रीय पत्रिकाको उद्देश्य राष्ट्रव्यापी रहन्छ भने स्थानीय छापाहरू आफ्नो वरिपरिकै परिवेशमा बढी केन्द्रित रहन्छन्। यसले स्थानीय समस्या, भाषा, संस्कृति र प्रगतिलाई बढी खोजमूलक ढङ्गले सम्प्रेषित गरिरहेको हुन्छ। बहुल सामाजिक संरचनाका विभिन्न वर्ग र पक्षको स्थानीय तथा राष्ट्रिय चाहना र आकाङ्क्षालाई प्रतिनिधित्व गर्ने दायित्व स्थानीय छापाको हुन्छ। स्थानीय तहका वास्तविक सत्यतथ्य पत्तो लगाई त्यसलाई जनता समक्ष सु-सूचित गर्ने दायित्वलाई स्थानीय पत्रिकाहरूले जिम्मेवारीपूर्वक निर्वाह गर्नुपर्ने हुन्छ। अचेल एफएम रेडियोको तरङ्ग काठमाडौं बाहिरका स्थानमा फैलिएको छ र निकै लोकप्रिय पनि भएको छ। स्थानीय विकास-निर्माणका सवालमा स्वस्थ जनमत निर्माण गर्नमा स्थानीय सञ्चारमाध्यम उपयोगी माध्यम बनेका छन् ।

काठमाडौं बाहिरको पत्रकारिता जसलाई 'मोफसलको पत्रकारिता', 'स्थानीय पत्रकारिता', 'आञ्चलिक पत्रकारिता' वा 'जिल्लाको पत्रकारिता' समेत भन्ने गरिन्छ, त्यसको प्रमुख चुनौती भनेको स्थानीय सामग्री प्रस्तुत गर्न नसक्नु हो । स्थानीय तहका मिडियाहरूले स्थानीय सवालहरूलाई प्राथमिकताका साथ नउठाउने हो भने उनीहरू आफ्नो औचित्य सिद्ध गर्न सक्ने छैनन् ।

मोफसलको पत्रकारिताको कार्य प्रणाली र कार्य रूपलाई दृष्टिगत गर्दा केही कुराहरू भन्नैपर्ने हुन्छ। इन्टरनेटको सुविधाले गर्दा अन्य पत्रिकाका सामग्री जस्ताको तस्तै छापेर 'कट एण्ड पेस्ट पत्रकारिता' गर्ने नयाँ होड पनि काठमाडौंबाहिर देखा पर्दैछ। प्रतिस्पर्धामा आफूलाई टिकाइराख्न गुणस्तरलाई महत्त्व दिनुपर्ने हो। पत्रिका निरन्तर निकालिन्छ तर गुणस्तरलाई उच्च गर्दै जाने सवालमा पत्रकारहरूले आँखा चिम्लेको पनि पाइन्छ। यसको कारण पत्रिकामा सामग्री प्रस्तुतिका लागि उचित पारिश्रमिक दिन सक्ने क्षमताको कमी हो ।

पत्रकारितामा व्यावसायिकतासँगै चुनौती र सङ्कट पनि थपिएका छन् । बढ्दो असुरक्षा र राजनीतिक अस्थिरताले उद्योग-व्यवसाय शिथिल बन्दा यसमा प्रत्यक्ष प्रभाव परेको छ । एउटा सम्पादकले समाचारका अतिरिक्त व्यवस्थापन र वितरणको जिम्मेवारी समेत लिनुपर्ने अवस्था अझै हटेको छैन । थोरै पूँजीमा चलेका पत्रिकाको अवस्था अहिले पनि घिटिघिटी नै छ । पत्रिकाहरू माझ नै विज्ञापनको अस्वस्थ प्रतिस्पर्धा विकसित भएको छ । एफएमहरूको सञ्चालनले विज्ञापनको प्रतिस्पर्धालाई अझ तीव्र पारेको छ, सहरको आवश्यकताभन्दा बढी पत्रिका र एफएम स्टेसनहरू सञ्चालन भएकाले अस्वस्थ र अनैतिक प्रतिस्पर्धाहरू स्वाभाविक जस्तो बन्न थालेको छन् ।

राजधानीबाट प्रकाशित हुने पत्रिकामा रिपोर्टिङ गर्ने पत्रकारहरू अवस्था तुलनात्मक रूपले राम्रो देखिन्छ । राम्रा समाचार लेख्ने दक्ष युवा शक्ति सुरुमा स्थानीय पत्रपत्रिकामै सक्रिय हुन्छन् तर अवसर पाउनासाथ पारिश्रमिक दिनसक्ने राष्ट्रिय पत्रिकामा संलग्न हुन पुग्छन् ।

**राजधानीबाहिर नयाँ पत्रिका जन्मने र त्यो बन्द हुने क्रम धेरै नै छ। किन होला प्रकाशनले निरन्तरता पाउन नसक्ने तर फेरि नयाँ निस्कन भने नरोकिने ?**

बिना गृहकार्य देखासिकीबाट निकालिएका पत्रिकाहरू बन्द हुनु स्वाभाविकै हो । स-साना ठाउँमा पनि यति सञ्चारगृहहरू थपिँदै गएका छन् कि उनीहरूलाई प्रतिस्पर्धामा टिक्न फलामको च्यूरा चपाउनु जस्तै भएको छ । व्यवस्थापकीय कमजोरी र लगानीको अभावमा पत्रिका चलाउन सकिँदैन ।

नयाँ पत्रिका जन्मने कारणहरूमा केही पत्रकारहरू समूहमा मिलेर प्रकाशन प्रारम्भ गर्छन्, पछि आपसमा मनमुटाव भएपछि फुटेर फेरि अर्को नयाँ प्रकाशनको थालनी गर्दछन् । एउटा नयाँ प्रकाशन प्रारम्भ हुँदा त्यही ठाउँमा अर्को पत्रिका किन बन्द भयो भन्नेजस्ता सवालमा उनीहरू मन्थन गर्न चाहँदैनन् र विगतबाट पाठ सिक्ने जमर्को पनि गर्दैनन् ।

कतै-कतै के देखिएको छ भने खास कारण विशेषले पत्रिकाको प्रकाशन प्रारम्भ गरिन्छ । पछि त्यो उद्देश्य पूरा हुनासाथ प्रकाशन बन्द गरिन्छ । जस्तै– कुनै व्यक्ति वा सङ्गठनको राजनीतिक अभीष्ट पूरा गर्न, खास ठाउँबाट खास-खास बेलामा विज्ञापन पाउन वा कसैको वैध या अवैध व्यवसायलाई संरक्षण दिन पनि पत्रिका प्रकाशन गरिएको हुन्छ र निहितार्थ पूरा हुनासाथ वा पूरा हुने छाँटकाँट नदेखिनासाथ प्रकाशन बन्द गरिदिने गरिन्छ ।

**तपाईं आफैँले पनि केही समय अगाडि *तराई* खबरपत्रिका मासिक प्रकाशन गर्नुहुन्थ्यो ? किन बन्द भयो ?**

*तराई*को प्रकाशन एउटा विशेष आन्दोलनको आयतनलाई फराकिलो गर्न गरिएको थियो । त्यो आन्दोलन भनेको नेपालको सिङ्गो परिचयमा 'तराई' ओझेलमा परेको सन्दर्भमा त्यसलाई उजिल्याउने, तराईका सम्भावनाहरूबारे बहस चलाउने, तराईमा बसोबास गरिरहेका विभिन्न समुदायहरू बीच अन्तर्क्रिया स्थापित गर्ने र तराईलाई मूल प्रवाहीकरणमा ल्याउने सरोकारसँग जोडिएको थियो । यो आन्दोलन अखबारमार्फत प्रारम्भ अवस्थामा जति सान्दर्भिक र औचित्यपूर्ण थियो, त्यतिकै सान्दर्भिक र औचित्यपूर्ण आज पनि छ ।

*तराई* खबरपत्रिकामार्फत उठान गर्न खोजिएका सवाल र सरोकारप्रति राज्य, नागरिक समाज र राजनीतिक दलहरू उदासिन भइदिएको कारणले आज तराईमा सामाजिक रिक्तता देखिएको छ । यस सामाजिक रिक्तताले गर्दा राष्ट्रले भयानक परिस्थितिहरू ब्यहोर्नु परिरहेको छ । आज तराईमा सामाजिक संवादको अपरिहार्यता बढेर गएको छ । *तराई* खबरपत्रिकाले आफ्नो सीमाभित्र संवादको थालनी गरेको थियो ।

आन्दोलनको रूपमा अखबारलाई अगाडि ल्याउँदा हामीसँग असल उद्देश्यबाहेक अर्थोक केही थिएन । स्थिर प्रकाशनका लागि एउटा निश्चित पूँजी लगानी गर्नुपर्दछ । व्यवस्थापन चुस्त हुनुपर्दछ र विज्ञापन बजारलाई प्रभावित गर्न सक्नु पर्दछ । हामीले यी तीनओटै महत्त्वपूर्ण कार्य गर्न सकेनौँ । आदर्श सपना मात्र हेरेर आन्दोलनलाई थेग्न सकिँदैन हामी त्यसैको उदाहरण बन्यौँ । तर अब हामी पाठकहरूको व्यापक दबाब र मागका कारण फेरि प्रकाशन प्रारम्भ गर्न बाध्य हुँदैछौँ । यस पालि विगतबाट पाठ सिकेर अगाडि बढ्न खोजेका छौँ । अब फेरि अकाल पक्षाघातको नियति वरण गर्न नपरोस्, हामी अत्यन्त सजग छौँ ।

हाम्रो प्रकाशन बन्द हुनाको एक मात्र कारण भन्नुपर्दा अनैतिक तरिकाले विज्ञापन वा सहयोग नबटुल्ने प्रतिबद्धता हो ।

**विषयवस्तुका हिसाबले राजधानी बाहिरका मिडिया कस्ता छन् ? स्थानीय विषयवस्तुलाई कत्तिको प्राथमिकता दिएको पाउनुभयो ?**

राजधानी बाहिरका मिडियाले स्थानीय विषयवस्तुलाई कत्तिको प्राथमिकता दिएका छन् भन्ने सवालमा म केही पत्रकार मित्रहरूका भनाइ राख्न चाहन्छु । यी भनाइ प्रेस काउन्सिल नेपालको सहयोगमा गरिएको अनुसन्धान– 'मोफसलको पत्रकारिता : विकास सम्भावना र चुनौती' का लागि अन्तर्क्रिया गर्ने क्रममा प्राप्त भएका

हुन् । बुटवलका पत्रकार बाबुराम भट्टराईको अभिमत छ, "हाम्रा अखबारहरू र काठमाडौँका अखबारहरू एकै समयमा पाठकहरूको हातमा पुग्न थालेका छन् । त्यसैले हामीले मोफसलीकरण गर्नु आवश्यक छ । किनभने हामीले केन्द्रलाई मात्र बढी प्राथमिकता दिँदा हाम्रा अखबारहरू विस्थापित हुने सम्भावना बढेको छ । तसर्थ हामीले स्थानीय समाचारलाई प्राथमिकता दिनुपर्छ । हरेकले काठमाडौँतिर हेर्ने कारणले गर्दा यहाँका समाचारले ठाउँ पाएका छैनन् । यहाँका प्रत्येक घर टोलका विषयलाई समेट्न सक्ने हो भने मोफसलको अखबारले कुनै समस्या ब्यहोर्नु पर्दैन ।"

पत्रकार हर्ष सुब्बाले स्थानीय प्रेसको अवधारणालाई अर्थ्याउँदै भन्नुभएको छ, "राजनीतिक रूपमा स्थानीय निर्वाचनबाट गठन हुने स्थानीय सरकार (जिविस, नगरपालिका, गाविस) हुन्छ । स्थानीय स्तरमा केन्द्रीय नीति लागू गर्ने प्रहरी, प्रशासन, न्यायालय लगायतका निकायहरू छन् । ती निकायहरूको नीति निर्णय तथा काम कारवाहीले प्रत्यक्ष रूपमा स्थानीय उद्योग, व्यापार, व्यवसाय, शिक्षा, संस्कृति तथा आम जन-जीवनलाई प्रभावित गर्दछ । प्रजातन्त्रमा त्यस्ता स्थानीय क्षेत्रको विभिन्न पक्षमा प्रत्यक्ष प्रभाव पार्न सक्ने नीति निर्माणबारे स्थानीय जनजीवनलाई सुसूचित गर्न, त्यसबारे आवश्यक जनमत सिर्जना गर्न र निगरानी राख्नका लागि स्थानीय प्रेसको आवश्यकता छ ।"

त्यस्तै *धरान टाइम्स* राष्ट्रिय दैनिकले २०६० असार २२ गतेको नमूना अङ्कको प्रकाशकीयमा लेखेको छ– "हाम्रो मूलमन्त्र भनेकै स्थानीय स्तरमा भएका सानाभन्दा साना समाचारलाई महत्त्वका साथ प्रकाशित गर्नु नै हुनेछ । आफ्नै सहर बजार र गाउँघरका वास्ता नगरिएका समाचारहरू नै हाम्रो लागि पहिलो प्राथमिकता बन्ने छन् जसलाई धरानबाटै प्रकाशित भइरहेका दैनिक तथा साप्ताहिक पत्रपत्रिकाहरूले समाचार नै होइन भनी पूर्णतया बेवास्ता गर्दै आएका छन् । हामी पाठकहरू समक्ष वाचा गर्दछौँ ।"

सुर्खेतबाट प्रकाशित हुने *सुसेली* दैनिकमा २०६१ श्रावण ८ गतेमा भीमबहादुर भण्डारीले लेखेका छन्– "पत्रिकाले सरकारबाट प्राप्त सहयोगमा टिबी रोग लागेको कुनै पिलन्धरे रुग्ण व्यक्तिझैँ बाँच्नुभन्दा आफ्नै बलबूताबाट उत्पादित फल खानु पर्दछ । आफ्नै सामर्थ्यमा खानका लागि पत्रिकाले जनताबाट स्नेह प्राप्त गर्न सक्नुपर्दछ । जनता जो पत्रिकाका पाठक पनि हुन्, सूचना स्रोत पनि हुन्, लेखक पनि हुन् भने उत्पादित पत्रिका खपत गर्ने बजार पनि हुन्, स्थानीय पत्रिकाहरू त सो क्षेत्रका मुखपत्र पनि हुन् ।"

यी अभिव्यक्तिहरूको आलोकमा मैले के भन्न खोजेको हुँ भने स्थानीय पत्रिकासँग सम्बद्ध पत्रकारहरूले स्थानीय पत्रिकामा स्थानीयता हुनुपर्दछ भन्ने स्वीकार गरेका छन् तर अभ्यासका क्रममा त्यसलाई आत्मसात गरेको कमै पाइन्छ ।

जहाँसम्म विषयवस्तुको कुरा छ, राजनीतिक सवाल बढी, त्यो पनि राष्ट्रिय राजनीतिसँग बढी सरोकार भएको सामग्री पस्किने गरेको पाइन्छ । काठमाडौँबाट प्रकाशित हुने दैनिक साप्ताहिक अखबारका सामग्रीहरू स्रोत उल्लेख नगरी छापिने प्रचलन पनि उत्तिकै छ । आफ्नो मौलिकता र सिर्जनशीलता प्रस्तुत गर्ने थोरै छन् । एउटै सहरका एकभन्दा बढी दैनिकहरू बीच मौलिकता छुट्ट्याउन गाह्रो पर्ने अवस्था आइरहेको पाइन्छ । यति हुँदाहुँदै पनि स्थानीय अखबारहरूले आफ्नो महत्त्व कायम गरेकै छन् । राजधानीका ठूला अखबारमा पूँजी बढी लगानी भएको हुनाले तिनले बढी जोखिम लिन चाहँदैनन् । तर तुलनात्मक रूपमा यस्तो सवालमा कम लगानीमा सञ्चालित स्थानीय अखबार निर्भीक देखिएका छन् । विभिन्न भौगोलिक मानचित्रमा केही अखबारहरूले आफ्नो मौलिक पहिचान बनाएका छन् र केही खास मुद्दाहरूमा तिनीहरू केन्द्रीय सञ्चारमाध्यमभन्दा दरिला देखिएका छन् ।

**राजधानी बाहिरका मिडियाको प्रवर्द्धन गर्ने उद्देश्यले सन् १९९५ मा डेनिस सरकारको सहयोगमा नेपाल सरकारद्वारा मिडिया विकास कोषको स्थापना गरिएको थियो । प्रेस काउन्सिल नेपालअन्तर्गत रहेको यो कोष अद्यापि क्रियाशील छ । कत्तिको प्रभावकारी भएको पाउनु भयो यो कोष ?**

मिडिया विकास कोष स्थापना हुँदादेखि नै यसले मोफसलका पत्रपत्रिकालाई उपकरण खरिद गर्दा बैंकबाट ऋण लिन सघाई ब्याजमा सहुलियत दिँदै आएको हो । सुरुका वर्षहरूमा विशेषगरी तराई क्षेत्रका पत्रपत्रिकाहरूले कोषको कार्यक्रमप्रति बढी अभिरुचि प्रदर्शन गरेकाले कोषले त्यस क्षेत्रलाई महत्त्व दिई त्यहाँको पत्रपत्रिकाहरूलाई ब्याज अनुदानमार्फत सहयोग पुऱ्याउँदै आएको थियो । विगत केही वर्षदेखि कोषको कार्यक्रममा विकट पहाडी जिल्लामा कार्यरत पत्रकार, त्यहाँबाट प्रकाशित पत्रिका पनि परेका छन् । त्यहाँका महासङ्घका शाखा कार्यालयले समेत सहयोगका लागि माग गरेकाले कोषले त्यसक्षेत्रलाई विशेष महत्त्व दिन थालेको छ । मैले मोफसलका विभिन्न क्षेत्रका पत्रकारहरूको कुरा बुझ्दा कोषले सकारात्मक प्रभाव पारेको छ भन्ने कुरा भेट्टाएको छु ।

हालाँकि कोषले प्रारम्भिक दिनमा अङ्गिकार गरेका ऋण प्रक्रिया झञ्झटिलो थियो भन्ने गुनासो धेरै थियो । अहिले त्यसलाई सहज बनाइएको छ ।

**पत्रिकालाई वर्गीकरण गरी आर्थिक सहयोग दिने सरकारको नीति छ । यसले सहयोग गरे पनि सँगसँगै विकृति पनि बढाएको छ । यसबारे तपाईंको धारणा के हो ?**

राज्यले पत्रिकालाई वर्गीकरण गरी आर्थिक सहयोग गर्ने चलन आवश्यक र उत्तम हो । तर पत्रिका वर्गीकरण गर्ने मापदण्ड विभेदपूर्ण रहेको छ, यसलाई मोफसल-मैत्री बनाइनु पर्दछ । यसका साथै वर्गीकरणले संस्थागत विकृति पनि बढाएको छ । एउटा विकृति त सामान्य चलन जस्तो हुनगएको छ । त्यो के भने हालको मापदण्डअनुसार वर्गीकरणमा पार्न पत्रिकाहरूले तथ्याङ्क ढाँटेर दिने ।

गम्भीर खालको विकृति जसलाई म संस्थागत विकृति भन्छु, त्यो हो वर्गीकरणबापत पाइने निश्चित रकमका लागि गरिने चलखेल । एकदम न्यून सङ्ख्यामा पत्रिका छापिने, एउटै व्यक्तिको धेरै पत्रिका हुने, एउटै व्यक्तिले धेरै प्रकाशकका पत्रिकालाई ठेक्कामा लिएर चलाइदिने, मिथ्याङ्क प्रस्तुत गर्ने जस्ता कार्य गरिने गरेको पाइन्छ । यस्ता कार्यमा जिम्मेबार संस्थाका जिम्मेबार व्यक्तिहरूको संलग्नताले गर्दा विकृति मौलाएको स्वयं पत्रकारहरूकै अनुभव रहेको छ ।

वर्गीकरणमार्फत विगतमा आसे-पासे भएकाले वा दबाबका कारणले पनि लाभ लिने प्रवृत्ति रहेको थियो । अब यस्ता कार्य रोकिनु पर्दछ भन्ने कुरामा प्रेस काउन्सिले नेपाल कटिबद्ध देखापरेको छ । यो राम्रो पक्ष हो । वर्गीकरणलाई पूर्वाग्रहरहित स्थानीय मिडिया-मैत्री तथा वैज्ञानिक बनाउनका लागि अब व्यापक छलफल गरिनु पर्दछ ।

**जनशक्तिका हिसाबले राजधानीबाहिरको मिडिया कस्तो छ ? सीप अभिवृद्धिका अवसर उपलब्ध छन् कि छैनन् ?**

दक्ष युवा शक्ति पनि स्थानीय स्तरमा उपलब्ध हुन थालेका छन् । यसो हुँदा पुराना पत्रकारमा देखिने परम्परागत शैली बिस्तारै फेरिन थालेको छ । पत्रकारिताको औपचारिक अध्यापन र तालिम प्रदान गर्ने अवसरहरूमा वृद्धि भएको छ । खासगरी नेपाल प्रेस इन्स्टिच्यूटको क्षेत्रीय सञ्चार स्रोत केन्द्र विराटनगर, बुटवल र नेपालगञ्जमा स्थापित भएपछि ती केन्द्रहरूद्वारा व्यापक रूपमा चलाइएका प्रशिक्षण अभियानले ठूलो जनशक्तिलाई लाभ पुऱ्याएको छ । यसबाहेक

पत्रकारितासँग सम्बद्ध पेशागत सङ्गठनहरूद्वारा समय-समयमा सञ्चालित प्रशिक्षण कार्यक्रमको आयतन पनि फराकिलो छ । केही सहरहरूमा निजी रूपमा सञ्चालित तालिम केन्द्रहरूबाट समेत जनशक्तिहरू उत्पादित भइराखेका छन् । तालिम लिन चाहनेहरूका लागि अवसरहरू प्राप्त हुने क्रम बढेको छ । तैपनि तालिम ग्रहण गरेकाहरूमध्ये थोरै प्रतिशत मात्र पत्रकारितामा क्रियाशील रहेको भेटिन्छ । पत्रकारितामा लागेकाहरू पनि तालिमबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतार्ने खोज्नेहरू अझ थोरै छन् । पत्रकारिताका लागि चाहिने सीपअनुसार काम गर्दा साधन र स्रोतको माग थपिने हुनाले प्रायः पत्रकारहरूले काम चलाउ तरिका अपनाइरहेका हुन्छन् । खासगरी क्षेत्रीय सञ्चार केन्द्रहरूद्वारा दिइने तालिमका प्रशिक्षार्थीमा भएको लिङ्ग, धर्म, समुदायको विविधता उनीहरूको तथ्याङ्कले पुष्टि गर्दछ । तर यसरी उत्प्रेरणापूर्वक समाविष्ट गराइएकाहरूमध्ये बढी गैरपत्रकारिता क्षेत्रमा लागेका छन् । मातृ भाषा नेपाली नहुनेहरूलाई नेपालीमा पत्रकारितामा गर्न भाषामाथिको पकड कम भएकाले अप्ठ्यारो भएको गुनासो सुन्न पाइएको छ । यसरी गराइने तालिमहरूमा भाषिक शुद्धतासम्बन्धी पनि आधारभूत तालिम दिइए उनीहरू पत्रकारितासँग सामिप्य स्थापित गर्नसक्थे । त्यसै गरी विषयगत पत्रकारिता, स्थानीयतालाई प्रक्षेपण गर्ने पत्रकारिता आदिका लागि चाहिने जति सीप मोफसलमा विकास हुन सकेको छैन । पहाडी जिल्लाहरूमा बिस्तारै प्रशिक्षणका कार्यक्रमहरू पुग्न थालेका छन् ।

**राजधानी बाहिरका मिडियामा जातीय, लैङ्गिक, भाषिक, धार्मिक दृष्टिकोणले कत्तिको विविधता देखिन्छ ? मिडियामा विभिन्न समुदायको भौतिक उपस्थिति र उनीहरूको विषयले पाउने स्थानको अवस्था कस्तो छ ? मधेस र मधेसीको स्थान कस्तो छ ?**

अब मिडियामा प्रवेश पाउन कुनै समुदाय अछूतो रहेको छैन, बिस्तारै विभिन्न समुह र क्षेत्रका व्यक्तिहरूले मिडियामा सहभागिता प्रकट गर्न थालेका छन । यसमा मात्रा कम वा बेसी होला । नेपाली समाजको बहुलतालाई, विविधतालाई मिडियाले स्थान दिन थालेका छन्, यो सकारात्मक पक्ष हो । कुनै समुदायका व्यक्तिको भौतिक रूपमा मिडियामा उपस्थित हुनु र त्यो समुदायको आवाज सम्प्रेषित हुनु यी दुई भने फरक कुरा हुन् । यो कुरा मधेस र मधेसीको प्रसङ्गमा पनि लागू हुन्छ । मिडियामा अद्यापि मधेसीहरूको क्रियाशील सहभागिता न्यून छन् । मधेसका सम्बन्धमा सामग्रीहरू पस्किने क्रम बढेको छ, तर यसको साथै मधेसबारे भ्रम अतिरञ्जना र पूर्वाग्रहसमेत प्रस्तुत भएका छन् । आज खाँचो छ,

मिडियामा कुनै पनि क्षेत्रको वा समुदायको सन्तुलित आवाज-अवस्था प्रस्तुत गरिनु । यसका लागि सम्बन्धित क्षेत्र वा समुदायको व्यक्तिको सहभागिताले महत्त्वपूर्ण अर्थ राख्दछ । मिडिया जन अनुपातमा समावेशी सामग्री र समावेशी स्वरूप ग्रहण गर्दछ, मिडिया विश्वसनीय र लोकप्रिय हुन्छ ।

**एफएम रेडियोको आगमनले स्थानीय छापामाध्यमलाई कस्तो प्रभाव परेको छ ? राजधानीका मिडियाले स्थानीय मिडियालाई कस्तो असर पारेका छन् ?**
एफएम रेडियोको पहुँच र प्रभाव व्यापक रहेको छ । एफएमहरूले सूचनाको विस्फोट गरिदिएका छन् । स्वाभाविक रूपमा एफएमको 'ग्ल्यामर' बढी छ, विज्ञापन बढी आकर्षित यतैतिर हुन्छ । तर छापामाध्यम पनि आफ्नै गतिमा चलिरहेको छ । जुन प्रकाशन व्यवस्थित रूपमा चलेका थिए ती अहिले पनि स्थिर छन् । जुन पत्रिकाहरू हावादारी तरिकाले प्रकाशित भइरहेका छन् तिनले बढी आँधीहुरी व्यहोर्नु पर्दछ ।

राजधानीका दैनिक प्रकाशनहरूले क्षेत्रीय संस्करण प्रकाशन गर्न थालेपछि स्थानीय पत्रिकाहरूका लागि चुनौती थपिएको छ । यसले केही ठाउँमा केही पत्रिकाहरूलाई सङ्कट पनि उत्पन्न गरिदिएको अवस्था छ । राजधानीको पत्रिका (दैनिक) को दबाबलाई स्थानीय यथास्थितिका पत्रिकाले थेग्न गाह्रो परिरहेको अवस्था पनि छ ।

एफएमहरूमा पनि अखबारहरूकै रोग सरेको छ अर्थात् केन्द्रीय मिडियाको उत्पादनलाई नै प्रसारण गर्ने । आफ्नो मौलिक सिर्जनशीलता र स्थानीयता प्रतिको संवेदनशीलता प्रसारण गर्ने थोरै छन् । विभिन्न सहरहरूमा अखबारका सम्पादकले गुनासो गर्ने गरेका छन् कि एफएमहरूले तिनका समाचार स्रोत उल्लेख नगरी पस्किने गरेका छन् । यद्यपि एफएमहरूले गर्दा सुदूर गाउँहरूमा संवाददाताहरूको सञ्जाल थपिँदै गएको छ । आम नागरिक पनि आफ्ना गाउँघरका समाचार प्रसारण होस् भनेर आफैँ पनि समाचार फोनबाट दिन थालेका छन् र यसरी स्थानीय छापामाध्यमलाई गाउँघरका समाचार दिनुपर्ने बाध्यात्मक अवस्था खडा भएको छ । केही दैनिकहरूले एफएमसँग समन्वय गरी गाउँघरका समाचार छाप्ने गरेका छन् ।

**राजधानीबाहिर स्थानीय भाषाहरूमा के कति पत्रिका प्रकाशन हुने गर्दछन् ?**
नेपालीबाहेक नेवारी, हिन्दी, मैथिली, डोटेली, भोजपुरी, थारू, मारवाडी जस्ता स्थानीय भाषामा पत्रिकाहरू प्रकाशन भएको पाइन्छ । एउटा स्थानीय पत्रिकाले भोग्नुपर्ने चुनौतीभन्दा बढी चुनौती स्थानीय भाषाका अखबारहरूले भोगिरहेका छन् । राज्यबाट विशेष संरक्षणको कुनै पनि व्यवस्था छैन ।

स्थानीय भाषाका अखबारहरू पनि धेरैजसो साहित्यिक छन् । त्यसमा पनि जाति वा समुदाय विशेषका आवाजलाई सँगाल्ने गरेको पाइन्छ । यस्ता पत्रिकाहरूमा दीर्घायु हुने सौभाग्य थोरैले मात्र पाएका छन् । स्थानीय भाषाका अखबारहरू बढी मिसन लिएर नै काम गरेको पाइन्छ । व्यावसायिकता अपनाएका पत्रिकाहरू खोज्न गाह्रो छ । तर स्थानीय भाषाका पत्रिकाहरूले लक्षित समूहमा भाषा, संस्कृति र सामुदायिक हित प्रतिको रुचि जगाउन सहयोग गरिरहेका छन् । यस सन्र्दभमा एफएमहरूबाट प्रसारित हुने स्थानीय भाषाका कार्यक्रमहरूले बढी प्रभावकारिता देखाएका छन् ।

**वीरगञ्जको पत्रकारितामा अन्यत्रभन्दा धेरै विकृति छ भन्ने टिप्पणी गरिन्छ, किन होला ? यस्तो विकृतिलाई कम गर्न स्थानीय तहमा केही पहल भएका छन् ? पत्रकारको तर्फबाट केही भएको छ कि ?**

वीरगञ्जेली पत्रकारिताको सबल पक्ष अर्थात् उज्यालो पक्षले थोरै चर्चा पाएको छ भने यहाँको कमजोर पक्ष वा विसङ्गत पक्षले बढी चर्चा पाएको छ । खोटा सिक्काहरू बजारमा छ्याप्छ्याप्ती भएका हुनाले सक्कली सिक्काहरू माथि नजर नगएको हो । मोफसलको पत्रकारिताको प्रारम्भ नै २००८ भदौमा श्यामप्रसाद शर्माको सम्पादन प्रकाशनमा रहेको *सेवा* पत्रिकामार्फत वीरगञ्जबाट भएको हो । नेपाल पत्रकार महासङ्घ (तत्कालीन सङ्घ) ले २०५० सालमा वीरगञ्ज घोषणापत्रको नामले आचारसंहिता अगाडि ल्याएको थियो । यस्ता ऐतिहासिकता वीरगञ्जसँग रहेको छ ।

वीरगञ्ज एउटा सीमान्त आर्थिक सहर हो । जस्तो समाज हुन्छ, त्यहाँको पत्रकारिता पनि त्यस्तै नै हुन्छ । वीरगञ्जको सन्दर्भमा के भइदियो भने यहाँको पत्रकारितामा भीड नै देखियो । जो पायो त्यहीले नै पत्रकारको परिचय दिने, पत्रकार परिचयको आडमा गैर व्यावसायिक कार्यलाई प्रश्रय दिनेहरूको घुसपैठले वीरगञ्जको पत्रकारितालाई दुर्गन्धित बनाएको छ । वास्तविक पत्रकारहरू आफ्नो ठाउँमा आफ्नो पहिचानका साथ स्थापित र मर्यादित छन् नै, तर घुसपैठियाहरूको बाहुल्यताले गर्दा वास्तविक धार कमजोर देखिएको मात्र हो । वीरगञ्जका मूलधारका पत्रकारहरू अन्यत्रका भन्दा कम प्रतिस्पर्धी, कम व्यावसायिक र कम आचारसंहिताबद्ध कुनै पनि मामिलामा छैनन् ।

विसङ्गती विरुद्ध मूलधारले समय-समयमा आवाज उठाएका छन् । कारवाही गरेका छन् र भण्डाफोर गरेका छन् । विगतमा नेपाल पत्रकार महासङ्घ पर्सा तथा नेपाल प्रेस यूनियन जस्ता व्यावसायिक संस्थाहरूले आचारसंहित विपरीत काम गरेको आधारमा पत्रकारहरूमाथि कारवाही गरेका उदारणहरू पनि छन् । तर

यताका दिनमा एउटा गम्भीर खतराको स्थिति उत्पन्न हुने अवस्था छ । त्यो भनेको घुसपैठिया नै विभिन्न मञ्चमार्फत मूलप्रवाह हुँ भन्ने अवस्था आएको छ ।

**प्रेस काउन्सिल नेपालको ३१ औँ प्रतिवेदनअनुसार समाचार वा सम्पादकीय हुबहु मिल्ने गरी छाप्ने पत्रिकामाध्ये पर्सा जिल्लाबाट प्रकशित २८ ओटा साप्ताहिक रहेछन् । यस्तो किन हुन्छ ?**

वर्गीकरण प्रक्रियाको कमजोर पक्षबाट फाइदा उठाउने प्रबल मानसिकता नै यसको मुख्य कारण हो । यसबाहेक पत्रकारितामा ठेक्का प्रणाली विकसित हुनु पनि हो । एक व्यक्तिले धेरै पत्रिका प्रकाशनको जिम्मा लिने र महिना सकिएपछि पत्रिकाका वास्तविक मालिकसँग हिसाबकिताब गर्ने चलनलाई यहाँ ठेक्का प्रणाली भनिएको हो । यस खालका विकृति वीरगञ्जमा बढी देखियो, तर यस्ता विकृति अन्यत्र पनि छन् । यसलाई हतोत्साहित र नियन्त्रित गर्नुपर्दछ ।

**नेपालमा मिडिया पनि उद्योगको रूपमा स्थापित हुँदैछ । तर वीरगञ्ज जस्तो औद्योगिक सहरमा मिडियामा लगानी गर्ने उद्यमी किन देखा नपरेका होलान् ?**

कुनै बेला पत्रिका भनेपछि सधैँ पछाडि हट्ने व्यवसायीहरू अरू सहरहरूमा अचेल मिडियामा लगानी गर्न हौसिएका छन् । तर वीरगञ्जमा भने फरक स्थिति छ । एक त पत्रकारहरूप्रति उद्यमीहरूले विश्वास गर्न सकेका छैनन् । अर्को, जो जसले पाइला अगाडि बढाए, तिनलाई प्रतिस्पर्धी अखबारहरूले यसरी खुट्टा तान्न थाले कि त्यो देखेर अरू उद्यमीहरू पनि खुट्टा कमाउन थाले । तर वीरगञ्जमा एफएम प्रवेश भएपछि भने उद्यमीहरू आकर्षित हुने अवस्था बन्दै गएको छ ।

**मधेस आन्दोलनका क्रममा पत्रकारमाथि पनि आक्रमण भयो नि ? के कारणले पत्रकारमाथि हमला भएको हुन सक्छ ?**

मूल कुरा के हो भने अहिले राज्य कमजोर भएको अवस्था छ । दण्डहीनताको संस्कृतिले बढावा पाएको छ । यस्तो अवस्थामा विभिन्न स्वार्थबाट परिचालित वर्गले आ-आफ्नो तरिकाले मिडियामाथि हमला गर्ने मौका छोपेका थिए ।

पत्रकार भनेको पहाडी र मधेसी हुँदैन । उसले आफ्नो व्यावसायिक धर्म पालन गरेको हुन्छ । जब कोही पत्रकार समुदायविशेष प्रति पूर्वाग्रह राख्दछ, कम सूचना राख्दछ तब ऊ सांस्कृतिक संवेदनशीलताप्रति विनम्र हुँदैन । त्यस्तो अवस्थामा मिडियामा जे सामग्री प्रस्तुत हुन्छ त्यसले खास समुदाय विशेषलाई

उत्तेजित बनाउँछ । यसको अर्थ मिडिया वा पत्रकार माथिको आक्रमण धम्की जायज हो भन्ने होइन । मिडियाको स्वतन्त्रतालाई जुनसुकै परिस्थितिमा कदर गरिनु पर्दछ । पत्रकारहरूको व्यावसायिक त्रुटिलाई सच्याउने नैतिक दबाब दिने अभ्यासको थालनी गर्नुपदर्छ ।

मैले पहिला नै चर्चा गरिसकेँ, मिडियामा सहभागिता समावेशी छैन । सञ्चारकर्मीहरू आफू कार्यरत थलोको सामाजिक सांस्कृतिक अवस्थासँग परिचित छैनन् । यस्तो अवस्थामा द्वन्द्व जन्मिने खतरा हुन्छ भन्ने विगतले पाठ सिकाएको छ ।

**मधेस आन्दोलनलाई काठमाडौँका मिडियाले कसरी प्रस्तुत गरेका थिए ? मधेसका पत्रपत्रिकाले कस्तो स्थान दिएका थिए ?**

मधेस विद्रोहको क्रममा मिडिया चुक्दै गए, जसको परिणाम राष्ट्रले ठूलो क्षति व्यहोर्नु पऱ्यो । मिडिया त नेपालगञ्जको घटनादेखि नै चुक्दै गयो । यस घटनामा घटनाको जानकारी नै नदिई ‘न्यूज ब्ल्याकआउट’ गरियो ।

मधेस विद्रोह प्रारम्भ भएपछि काठमाडौँका मिडियाले काठमाडौँकै दृष्टिकोणको अनुसरण गर्दै पहिला घुसपैठको आन्दोलन भन्यो । त्यसपछि सद्भावको राग अलाप्न थाल्यो । धेरै पछि गएर मात्र विद्रोहलाई बुझ्न सक्यो । एक अर्थमा काठमाडौँको मिडियाले द्वन्द्व चर्काउने कार्य गऱ्यो ।

मधेसका पत्रपत्रिकाले घटनाको विवरण बढी पस्के । त्यसमा पनि सन्तुलनको अभाव त देखियो नै । यसको कारण मिडियाको स्वामित्वमा मधेसीको कमी नै मुख्य हो जस्तो लाग्दछ । मधेसमा क्रियाशील पत्रकारहरूले पनि यत्रो ठूलो विद्रोह हुँदैछ भनेर चाल पाउन नसक्नु विडम्बना नै हो ।

मधेसको मिडियामा स्वामित्व र सहभागिताको सवाल पनि उठाइयो मधेसी आन्दोलनको क्रममा । मिडियाले जहिले पनि सन्तुलित र सम्यक दृष्टिकोण राख्नु पर्दछ । त्यसको अभावमा मिडिया स्वयं हिंसाको एउटा रूपको माध्यम बन्न जान्छ । कुनै पनि आन्दोलनलाई समग्रमा नबुझ्दा त्यसले मिडियाको प्रस्तुतिमा असर पार्दछ । सञ्चार आफैँमा किनारीकृत वा विखण्डनको औजार बन्नु हुँदैन । आन्दोलनले उत्पन्न गर्ने हिंसाभन्दा खतरनाक मिडियाको कारणले उत्पन्न गर्ने हिंसा हुन्छ । मधेस आन्दोलनले काठमाडौँका मिडिया मात्र होइन, मोफसलका मिडियालाई पनि आत्ममन्थन गर्न सिकाएको छ । पत्रकार समुदाय विशेषको आधारमा होइन सत्य र न्यायको आधारमा विभाजित हुनु पर्दछ ।